पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

## सूचना

यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९।११।०३ को निर्णयानुसार श्री त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान अन्तर्गत शैक्षिक सत्र २०७९-०८३ मा वि.एस.सी. फरेष्ट्रि अध्ययनका लागि मुख्य उम्मेदवारको रुपमा मनोनयन भएका नेपाल वन सेवाका ९ (नौ) जना कर्मचारीहरु मध्ये पर्सा रा.नि. कार्यालय, बारामा कार्यरत रेञ्जर श्री नरेश कुमार राय भर क.स.न. २११४९८ ले मिति २०८०।०३।१० गते यस मन्त्रालयमा तलवी अध्ययन निवेदन रद्ध गरिदिने विषयक निवेदन पेश गरेको । सो निवेदन उपर कारवाही हुँदा मिति २०८०।०३।१२ को यस मन्त्रालय (सचिवस्तर) को निर्णयानुसार निजको मनोनयन तथा स्वीकृत तलबी अध्ययन विदा रद्ध गरिएको । उल्लेखित रिक्त विभाागीय कोटामा वैकल्पिक उम्मेदवारहरुमध्ये योग्यताक्रमानुसार छनौट गर्नुपर्ने भएको र वैकल्पिकमा रहेका श्री सञ्जु सुयल मगर क.स.न.२२३९२२, श्री जीवनबहादुर खड्का क.स.न. २२४८६१ र श्री रविन रावल क.स.न. २३१४१५ लाई यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९।११।०३ को निर्णयानुसार **कृषि तथा वन विज्ञान विश्वविद्यालय**, वन विज्ञान संकाय, डीनको कार्यालय, हेटौडामा अध्ययन मनोनयन भएको देखिन्छ । फरेष्टर तिलक चौधरी क.स.न. २२४७७१ ले मिति २०८०।०४।०१ मा उक्त रिक्त विभागीय कोटामा मनोनयन गरिदिन वन विज्ञान अध्ययन संस्थान, हेटौंडा क्याम्पसको निजलाई विभागीय मनोनयन भएमा क्याम्पसको कुनै आपत्ति नहुने व्यहोराको पत्र संलग्न गरी अनुरोध गरेको हुँदा यस विषयमा बाँकी ईच्छुक वैकल्पिक उम्मेदवारहरुको दावि विरोध रहेमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान अन्तर्गत शैक्षिक सत्र २०७९-०८३ मा विभागीय कोटामा वि.एस.सी. फरेष्ट्रि अध्ययन मनोनयन र सिफारिस गरिदिनका लागि मन्त्रालयमा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ । साथै त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, डीनको कार्यालय, कीर्तिपुरको भर्ना अवधि समाप्त भएको विषयक पत्र यसैसाथ अपलोड गरिएको छ ।

२०८०।०४।०५

शाखा अधिकृत

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

त्रिभुवन विश्वविद्यालय

# वन विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

च.नं. : ९९/०८०/०८१

मिति २०८०।०४।०७

श्री वन तथा वातावरण मन्त्रालय,
सिहंदरवार काठमाण्डौ ।

विषयः जानकारी पठाइएको सम्वन्धमा ।

प्रस्तुत विषयमा त्यस मन्त्रालयको क.प्र / टि.फा.०८०/०८१ मिति २०८०।४।१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्वन्धमा शैक्षिक शत्र २०७९/०८३ मा वि.एस्सी.फरेष्ट्री अध्ययनका लागि भर्नाको समय समाप्त भई सकेको व्यहोरा जानकारी गराउदै त्यस वन तथा वातावरण मन्त्रालय अर्न्तगत दाङ जिल्लामा कार्यरत कर्मचारी श्री तिलक चौधरी यस अध्ययन संस्थान अर्न्तगत हेटौडा क्याम्पस हेटौडामा भर्ना भई अध्ययनरत रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै यस अध्ययन संस्थानका आगिंक क्याम्पसवाट सम्वन्धन प्राप्त क्याम्पसमा र सम्वन्धन प्राप्त क्याम्पसवाट आंगिक क्याम्पसमा ट्रान्सफर गर्न नमिल्ने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

.................................

प्रा.डा. वीर वहादुर खनाल क्षेत्री
डीन

डीनको कार्यालय : कीर्तिपुर, काठमाडौं, फोन/फ्याक्स : ९७७-१-४३३३९२७, ४३३३९२६
व.वि.अ.सं., पोखरा, फोन नं. : ९७७-६१-४३०४६७, ४३०६९४, ४३११०१, ४३०३३५, फ्याक्स : ९७७-६१-४३१५६३
इमेल : iofdean@iof.edu.np वेवसाइट : www.iof.edu.np